# निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन
# र
# सरोकारवालाहरुको भूमिका

## अन्तरक्रिया कार्यक्रम

आयोजक

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

नेपाल कानून समाज
Nepal Law Society

Scanned with CamScanner

# निर्वाचन आचारसंहिता

निर्वाचन आयोग, नेपाल

(A)

## आचारसंहिता के हो ?

- आचरण वा व्यवहारको परिस्कृत नैतिक नियम प्रतिपादन गरी लेखिएको शास्त्र वा विद्या हो,
- सार्वजनिक अधिकारी, राजनीतिक दल, नीजि क्षेत्र, व्यक्ति वा संस्थाको व्यवहार नियन्त्रण गर्ने लिखित नियमहरुको संगालो हो ।
- अनैतिक आचारण र व्यवहार रोक्न र संवोधन गर्न तयार गरिएको दस्तावेज हो,
- प्रत्येक व्यक्ति संस्था वा निकायले पालना गर्नुपर्ने मान वा आचारको मानक हो।
- निर्वाचनको स्वच्छता, निश्पक्षता र विश्वशनीयता कायम गर्न निर्वाचन आयोगले जारी गरेको संहिता हो,
- आचारसंहिता नैतिक र कानूनी वन्धन हो,
- निर्वाचनका लागि जारी गरिएको दिशानिर्देश हो,

## निर्वाचन आचारसंहिता किन ?

- निर्वाचन प्रयोजनका लागि सरकारी श्रोतसाधनको दुरुपयोग हुन नदिन,
- निर्वाचनमा हुने अपराध, दूर्व्यवहार, गलत अभ्यास, डर, धाक धम्की, प्रलोभन जस्ता कार्य रोक्न,
- निर्वाचनमा सुशासन कायम गर्न।
- स्वच्छ , स्वतन्त्र , निष्पक्ष , विश्वसनीय एवम् मितव्ययी निर्वाचन गर्ने निर्वाचन आयोगको उदेश्य पूरा गर्न ।

## आचारसंहिता निर्माणको आधार

- Universal Declaration of Human Rights-1948 को धारा (२१), International Covenant on Civil & Political Rights, 1966 को धारा (२५) मा आफूले छानेको प्रतिनिधि मार्फत शासनमा सहभागी हुन पाउने अधिकार र गोप्य मतदानको अधिकार रहेको।
- नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन प्रणाली, वालिग मताधिकार, आवधिक निर्वाचन समेतका लोकतान्त्रिक मूल्य मान्यतामा प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने मूल ध्येय रहेको ।
- संविधानको धारा २४६ ले निर्वाचन आयोगलाई निर्वाचनको संचालन, रेखदेख निर्देशन र नियन्त्रण गर्ने अधिकार प्रदान गरेको।
- निर्वाचन आयोग ऐन, २०७३ दफा २२ ले निर्वाचनमा स्वच्छता, निश्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न आचारसंहिता वनाउन सक्ने र त्यसको पालना गर्नु सवैको कर्तव्य हुने उल्लेख गरेको ।



Scanned with CamScanner

(B)

- आचारसंहिता आयोगले तोकेको मिति देखि लागु हुने व्यवस्था रहेको।
- निर्वाचन आयोगको तेस्रो पञ्चवर्षिय रणनीतिक योजनाले निर्वाचन आचार संहिता तयार गरी कार्यान्वयन गर्ने उल्लेख गरेको ।

## आचारसंहिता कसलाई लागु हुन्छ ?

- नेपाल सरकार र नेपाल सरकारका मन्त्री,
- प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री,
- संवैधानिक निकाय र सो निकायका पदाधिकारी,
- प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी,
- स्थानीय कार्यपालिका र सोका सदस्य,
- संघ, प्रदेश र स्थानीय तहका कर्मचारी,
- सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी,
- सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय तथा कर्मचारी,
- राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,
- उम्मेदवार तथा उम्मेदवारको प्रतिनिधि,
- राजनीतिक दल तथा उम्मेदवारको मतदान एवम् मतगणना प्रतिनिधि,
- सार्वजनिक पद धारण गरेको व्यक्ति,
- अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता,
- पर्यवेक्षण संस्था तथा पर्यवेक्षक,
- सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी,
- निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी,
- सामुदायिक विद्यालय वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी,
- मतदाता,
- विकास साझेदार संस्था,
- सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी,
- मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था वा सो संस्थाका कर्मचारी,



Scanned with CamScanner

(८)

- निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार,
- वस्तु तथा सेवा प्रदायक व्यवसायिक संस्थाका पदाधिकारी, कर्मचारी र कामदार,
- आयोगले तोकेका अन्य निकाय वा व्यक्ति ।

## सबैले पालना गर्नुपर्ने सामान्य आचरण

- सार्वजनिक निकाय वा कुनै परियोजनाको स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने,
- आयोगद्वारा सञ्चालित कार्यक्रममा कुनै किसिमले अवरोध हुने गरी कुनै कार्य गर्न वा निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने,
- कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने,
- राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ब्याच, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने,
- घरजग्गा धनीको स्वीकृति नलिई कसैको निजी वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने,
- ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने,
- अठार वर्ष उमेर पूरा नभएका बालबालिकालाई निर्वाचन प्रचार प्रसारमा प्रयोग गर्न वा गराउन नहुने,
- प्रचलित कानून बमोजिम निषेध गरिएको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा,कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने,
- सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, , कोणसभा, बैठक, भेला गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने,
- सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने,
- निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा झुटा साइट र एकाउण्ट सञ्चालन गर्न वा गराउन नहुने,
- सामाजिक सञ्जालमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिका टिप्पणी गर्न वा सूचना प्रवाह गर्न वा गराउन नहुने,



Scanned with CamScanner

Ⓔ

- मौन अवधिमा सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग नहुने,
- आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

## संवैधानिक पदाधिकारी, सरकारी कर्मचारी तथा निकाय, अर्धसरकारी संस्था र कर्मचारीको आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नहुने,
- राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला गोष्ठी, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन नहुने,
- कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,
- वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य नयाँ कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,
- नयाँ पद सृजना गर्न, रिक्त पद पूर्ति गर्न, भत्ता वृद्धि गर्न, ग्रेड लगायतका आर्थिक सुविधा वा कुनै किसिमका पुरस्कार प्रदान गर्न वा घोषणा गर्न नहुने,
- निर्वाचनको काममा बाहेक कर्मचारीको सरुवा वा पदस्थापन गर्न नहुने,
- आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन, अतिथिगृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,
- कर्मचारीको सबै तहका आधिकारिक ट्रेड युनियन वा राजनीतिक दलसँग आवद्ध ट्रेड यूनियनका कार्यसमितिका पदाधिकारीलाई निर्वाचन सम्बन्धी कुनै जिम्मेवारी दिन नहुने।
- निर्वाचनको काममा बाहेक कर्मचारीको सरुवा वा पदस्थापन गर्न नहुने,
- राजनीतिक प्रकृतिका कुनै कार्यक्रम गर्न नहुने,
- उम्मेदवार वा राजनीतिक दलको कुनैपनि निर्वाचन प्रचारप्रसारका सामग्री राख्न, टाँस्न वा प्रचार प्रसार गर्न नहुने,
- सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग नहुने,



Scanned with CamScanner

(f)

## पर्यवेक्षण संस्था तथा पर्यवेक्षकको आचरण

- आयोगबाट अनुमति नलिई पर्यवेक्षण गर्न नहुने,
- बहालवाला कर्मचारी वा शिक्षकलाई पर्यवेक्षण गर्न खटाउन नहुने,
- पर्यवेक्षकलाई निजको स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको गाउँपालिका वा नगरपालिकाको वडामा पर्यवेक्षणका लागि खटाउन नहुने,
- पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनु पर्ने,
- विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र सँस्कृतिको सम्मान गरी स्वतन्त्र, निष्पक्ष, तटस्थ, विश्वसनीय ढङ्गले पर्यवेक्षण गर्नुपर्ने,
- राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सार्वजनिक रूपमा वा आमसञ्चार माध्यममा कुनै किसिमको टिकाटिप्पणी गर्न नहुने,
- राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा अन्य व्यक्तिसँग नगद वा जिन्सी वा उपहार वा अन्य कुनै सामान लेनदेन गर्न नहुने,
- निर्वाचनलाई प्रभावित पार्ने कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न नहुने,
- निर्वाचन अधिकृत वा आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्न वा गराउन नहुने,

## सञ्चार प्रतिष्ठान, कर्मचारी तथा पत्रकारको आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिबाट दान, उपहार वा आर्थिक सहयोग लिन नहुने,
- कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,
- जातजाति, भाषा, धर्म, सम्प्रदाय, लिङ्ग र क्षेत्र बीचको सम्बन्ध र सद्भावमा खलल पार्ने, राजनीतिक आस्था वा विचार, राष्ट्रियता तथा सामाजिक अवस्था जस्ता कुनै पनि आधारमा भेदभाव हुने गरी समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,
- राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको लागि नि:शुल्क वा प्रायोजित विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने,
- कसैको पक्ष वा विपक्षमा एस.एम.एस., फेसबुक, मेसेञ्जर, ट्वीटर, भाइबर, यूट्युब, इन्स्टाग्राम जस्ता विद्युतीय माध्यम प्रयोग गरी कुनै सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा शेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने,

Scanned with CamScanner

(E)

- मौन अवधिमा सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,
- आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

## संवैधानिक पदाधिकारी, सरकारी कर्मचारी तथा निकाय, अर्धसरकारी संस्था र कर्मचारीको आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नहुने,
- राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला गोष्ठी, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन नहुने,
- कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,
- वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य नयाँ कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,
- नयाँ पद सृजना गर्न, रिक्त पद पूर्ति गर्न, भत्ता वृद्धि गर्न, ग्रेड लगायतका आर्थिक सुविधा वा कुनै किसिमका पुरस्कार प्रदान गर्न वा घोषणा गर्न नहुने,
- निर्वाचनको काममा बाहेक कर्मचारीको सरुवा वा पदस्थापन गर्न नहुने,
- आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन, अतिथिगृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,
- कर्मचारीको सबै तहका आधिकारिक ट्रेड युनियन वा राजनीतिक दलसँग आवद्ध ट्रेड यूनियनका कार्यसमितिका पदाधिकारीलाई निर्वाचन सम्बन्धी कुनै जिम्मेवारी दिन नहुने।
- निर्वाचनको काममा बाहेक कर्मचारीको सरुवा वा पदस्थापन गर्न नहुने,
- राजनीतिक प्रकृतिका कुनै कार्यक्रम गर्न नहुने,
- उम्मेदवार वा राजनीतिक दलको कुनैपनि निर्वाचन प्रचारप्रसारका सामग्री राख्न, टाँस्न वा प्रचार प्रसार गर्न नहुने,
- सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,



Scanned with CamScanner

(८)

- मौन अवधिमा सामाजिक सञ्जाल, अनलाईन छापा माध्यम वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्ने, कमेन्ट, प्रतिकमेन्ट गर्ने, समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,
- मौन अवधिमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा विज्ञापनका अतिरिक्त टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तर जस्ता कार्यक्रम गर्न  नहुने,

## राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ संगठनले पालना गर्नुपर्ने विषयगत आचरण

- जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्दा पालना गर्नुपर्ने आचरण,
- सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण - उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा निर्वाचन अधिकृतको अनुमतिमा बढीमा दुईवटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,
- **सञ्चार माध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण:-** स्थानीय तह सदस्यको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबीस घण्टामा बढीमा दुई पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,
- **निर्वाचन खर्च सम्बन्धी आचरण:–** खाता खोली खर्च गर्ने, खर्च गर्ने पदाधिकारी तोक्ने, २५ हजार भन्दा बढी सहयोग बैंक मार्फत हुनुपर्ने, खर्चको बिल भरपाई राख्ने ।

## मौन अवधिमा पालना गर्नुपर्ने आचरण

- मौन अवधिभर निर्वाचन प्रचार प्रसार लगायत कुनैपनि प्रकारका छलफल, मस्तिष्क मन्थन (Brain Storming) अन्तरकृया, सभा सम्मेलन, कार्यशाला गोष्ठि आदि गर्न नपाइने,
- मौन अवधि शुरू हुनुभन्दा अगाडि मतदान स्थलको ३०० मिटर वरिपरी राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचार प्रसारका सामग्री हटाउनु पर्ने ,
- कुनै पनि विधि, प्रकृया वा माध्यमबाट मत माग र निर्वाचन प्रचार प्रसार गर्न नहुने,
- सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन नहुने ।

Scanned with CamScanner

(H)

## मतदानको दिन पालना गर्नुपर्ने आचरण

- मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा मत सङ्केत भएको पहिरन वा ब्याज लगाउन नहुने,
- मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक र चीजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने,
- कुनै किसिमको सवारी साधन प्रयोग गरी आवत जावत गर्न वा कसैलाई लैजाने वा ल्याउने गर्न नहुने,
- आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारी तथा मतदाता बाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने।

## विविध विषयका आचरण

- **राजिनामा गर्नुपर्ने:-** कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्त्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा सुविधा वा पारिश्रमिक पाउने गरी बहाल रहेको निर्वाचित वा मनोनित पदाधिकारीले स्थानीय तहको निर्वाचनमा उम्मेदवारको मनोनयन दर्ता गर्नु अगावै बहाल रहेको पदबाट राजिनामा गर्नु पर्ने।
- **पेश्की फर्स्यौट गर्नुपर्ने:-** उम्मेदवारले आफू निर्वाचित, मनोनित वा नियुक्त भएको निकायबाट लिएको कुनै पनि प्रकारको पेश्की फर्स्यौट गरेको हुनु पर्ने।
- **बेरुजु फर्स्यौट गर्नुपर्ने:-** लेखापरिक्षण बाट कुनैपनि उम्मेदवारको नाममा किटानीसाथ असूल उपर गर्नेभनी कायम भएको बेरुजु फर्स्यौट गरेको हुनु पर्ने।
- स्वास्थ्य मापदण्ड अवलम्बन गर्नुपर्ने,
- आचारसंहिता उल्लङ्घनकर्ताको नाम सार्वजनिक गरिने,

## आचारसंहिता पालना नगरेमा के हुन्छ ?

- आचारसंहिताको पालना गर्नु सबैको कर्तव्य हुन्छ,
- आयोगले आचार संहिता जाँचवुझ तथा अनुगमन गर्न सक्ने,
- आचारसंहिता विपरितका काम रोक्न वा वदर गर्न आदेश दिने,
- आदेश बमोजिम काम कारबाही नरोकेमा र वदर नगरेमा आयोगले १ लाख रुपैया सम्म जरिवाना गर्न सक्ने,
- उम्मेदवारले आचारसंहिता उल्लङघन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलिरहित हुन नसकेको कुरामा आयोग विश्वस्त भएमा आयोगले उमेदवारको उमेदवारी रद्ध गर्न सक्ने,



Scanned with CamScanner

(१)

## निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम अनुगमनकर्ताले गर्ने सजाय

- निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजात नोक्सान गर्ने कार्य गरेमा,
- मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिई बाधा अवरोध गरे वा गराएमा,
- अनधिकृत व्यक्ति मतगणना स्थलमा प्रवेश गरे वा गराएमा (१५ हजार सम्म जरिमाना गर्ने),
- शान्तिभङ्ग गर्ने, भय त्राश सिर्जना गर्ने वा निर्वाचनको वातावरण बिथोल्ने प्रयास गरेमा,
- आचारसंहिता विपरित निर्वाचनको प्रचारप्रसार गरेमा, साउण्ड सिष्टमको प्रयोग गरेमा,
- आयोगले तोकेको संख्याभन्दा बढी र अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गरेमा वा गराएकोमा, सवारी साधनको प्रयोग गरी र्‍याली गरे वा गराएकोमा,
- अनुगमनकर्ताले २५ हजार रुपैया सम्म जरिवाना गर्न सक्ने,

## निष्कर्ष:

- निर्वाचनको लागि नैतिक व्यवहार र आचरण महत्वपूर्ण हुन्छ।
- निर्वाचन आचारसंहिताको पूर्ण पालना विना विश्वसनीय निर्वाचन हुन सक्दैन।
- राजनीतिक दल, उम्मेदवार, सरकार एवं सवै पक्षले आचारसंहिताको अक्षरश पालना गर्नुपर्छ।

**धन्यवाद !**

Scanned with CamScanner

(१)

# राजनीतिक दलको आय तथा व्यय, निर्वाचन खर्च तथा निर्वाचन प्रचार–प्रसार सम्बन्धी आचार संहिता

(राजनीतिक वित्त नियमन तथा प्रचार–प्रसार सम्बन्धी आचरण)

## १. राजनीतिक दलको आय-व्यय: सैद्धान्तिक अवधारणा

१. राजनीतिक दलको वित्त व्यवस्थापन: राजनीतिक दलको सञ्चालन, व्यवस्थापनका लागि दलको आम्दानी तथा खर्चको विवरणलाई राजनीतिक दलको वित्त व्यवस्थापन भनिन्छ

२. राजनीतिक दलको वित्त: राजनीतिक दलले गर्ने वार्षिक आयका श्रोत, विवरण तथा खर्चका शीर्षक र विवरण

३. राजनीतिक दलको आयको स्रोत: मूल रुपमा सदस्यहरुबाट प्राप्त विभिन्न रकम (सदस्यता शुल्क, लेवी, चन्दा, अनुदान, प्रकाशन आदिबाट प्राप्त रकम)

४. राजनीतिक दलको खर्च: दलको सञ्चालन, सदस्यता विस्तार, सम्मेलन अधिवेशन, बैठक, जुलुश, र्‍याली आदि

५. राजनीतिक वित्त नियमन: राजनीतिक दलको कानून बमोजिम छुट्टै कोष कायम हुने र कोषको आय र व्ययको विवरण कानून बमोजिम नियमन हुने विषय हो ।

## २. निर्वाचन खर्च र राजनीतिक वित्त नियमन: सैद्धान्तिक अवधारणा

- निर्वाचन खर्च: निर्वाचन प्रक्रियाको शिलशिलामा निर्वाचन सञ्चालन, व्यवस्थापन, प्रचार-प्रसार, निर्वाचन सुरक्षा, मतदाता शिक्षाका लागि गरिने खर्च,
- निर्वाचन खर्च: सरकार, निर्वाचन व्यवस्थापन गर्ने निकाय, राजनीतिक दल, उम्मेदवारबाट हुने खर्च,
- निर्वाचन खर्च: लोकतन्त्रका लागि अपरिहार्य र उपेक्षा गर्न नसकिने खर्च हो,
- निर्वाचन खर्च: अपरिहार्य हुँदा हुँदै पनि भएको नियमन र नियन्त्रण र उपयुक्त व्यवस्थापन हुन आवश्यक छ,
- सरकारी खर्च र राजनीतिक दल तथा उम्मेदवारले गर्ने खर्चको नियमन तथा समुचित व्यवस्थापनबाट मात्र निर्वाचनको परिणाम सर्वस्वीकार्य हुन सक्ने,
- उम्मेदवार वा राजनीतिक दलले गर्न पाउने खर्च निर्वाचन आयोगबाट निर्धारण हुने ।

Scanned with CamScanner

३. राजनीतिक वित्तको नियमन: आवश्यकता र उपादेयता

- दलको आय र व्ययको विवरण पारदर्शी बनाउन
- उम्मेदवारी दिंदा पालना गर्नुपर्ने वित्तीय शर्त निर्धारण गर्न
- वित्तीय प्रतिवेदनहरू सार्वजनिक गर्न लगाउन,
- आम्दानी र खर्चका केही निर्दिष्ट स्वरूपहरूमा नियमन गर्न,
- सहयोग र खर्चको सीमा निर्धारण गर्न
- राज्यका स्रोत साधनहरूको समान रूपमा उपयोग गर्ने विषय कानुन एवम् निर्वाचन कानुनमा समावेश गर्न,
- मतदातालाई अवान्छित प्रभावित पार्ने र अमर्यादित क्रियाकलापलाई नियन्त्रण गर्न,
- दल तथा उम्मेदवारले निर्वाचनमा गरिएको आम्दानी र खर्चका सम्बन्धमा निर्वाचन सम्पन्न भएपश्चात् सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था गर्न,
- राज्यको स्रोत साधन कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्षमा दुरुपयोग भएको छैन भनी सुनिश्चित गर्ने,
- निर्वाचनसम्बन्धी कानून, निर्वाचन आचारसंहिता, निर्वाचन कसुर र सजायको प्रभावकारी कार्यान्वयन गर्ने ।

४. राजनीतिक दलको आर्थिक स्रोतको नियमन: आधुनिक लोकतन्त्रको आधारशिला

१. राजनीतिक दल सुशासनका सम्वाहक भएकोले दल तथा उम्मेदवारको आय र खर्चको विवरण पारदर्शी हुनुपर्ने,

२. विश्वका धैरै मुलुकमा राजनीतिक दलको आयस्रोत र खर्चको नियमन भएको

३. कैयौं मुलुकमा चन्दा, आर्थिक सहायताको उपल्लो हद निर्धारण भएको,

४. केही मुलुकमा कम्पनीबाट आर्थिक सहयोग (कर्पोरेट फण्डिङ्ग) निषेध वा नियन्त्रण गरिएको,

५. कैयौं मुलुकमा सरकारी कोषबाट नै आर्थिक स्रोत प्रदान गरिने अभ्यास रहेको,

६. अधिकांश मुलुकमा राजनीतिक दलको आयमा कर छूट तथा विशेष व्यवहार प्रदान भएको,



Scanned with CamScanner

## ५. निर्वाचन खर्च तथा प्रचार-प्रसार सम्बन्धी आचार संहिता

१. निर्वाचन प्रचार-प्रसार राजनीतिक परिचालन भएकोले आर्थिक स्रोतको आवश्यकता हुने,

२. आर्थिक स्रोतको व्यवस्थाबाट राजनीतिक दल सुदृढ हुने र उम्मेदवारलाई प्रचार-प्रसारमा सहज हुने,

३. सबै राजनीतिक दलका उम्मेदवारलाई आर्थिक स्रोतको समान अवसर नहुने र असमान अवस्थामा रहनुपर्ने,

४. असमान अवस्थामा रहेको अवस्थामा राजनीतिक दल तथा उम्मेदवारहरु बीच समान र स्वस्थ प्रतिस्पर्धा हुन नसक्ने,

५. राजनीतिक दल र उम्मेदवारहरु बीच स्वस्थ प्रतिस्पर्धाका लागि अनियन्त्रित आर्थिक स्रोतको प्रतिस्पर्धा नियन्त्रण गरी त्यसको नियमन गर्न वान्छनीय हुने,

६. समान अवसर प्रदान गरी स्वस्थ्य प्रतिस्पर्धा कायम गर्न निर्वाचन आचार संहिता र कानूनी व्यवस्था आवश्यक हुने,

७. यही प्रयोजनका लागि निर्वाचन आयोगबाट आचार संहिता निर्धारण भई नेपाल राजपत्रमा प्रकाशन (२०७८।१२।०३) भएको,

८. आचार संहितामा उल्लिखित कतिपय व्यवस्था कानूनी प्रावधानमा नै रहेका,

९. राजनीतिक दलको आयस्रोत र निर्वाचन खर्चको नियमनबाट निर्वाचन प्रक्रिया स्वास्थ, स्वच्छ, पारदर्शी र विश्वसनीय हुने,

१०. विश्वसनीय निर्वाचन परिणाम सर्वस्वीकार्य हुने र निर्वाचित पदाधिकारीले वैधानिकता (लिजिटिमेसी) प्राप्त गर्ने ।

## ६. हाम्रो सन्दर्भमा राजनीतिक दलको आर्थिक स्रोत र खर्चको नियमन

१. राजनीतिक दलको आर्थिक स्रोतको नियमनः स्वच्छ निर्वाचनको पूर्वशर्त

(क) विभिन्न स्रोतबाट आर्थिक स्रोत (सदस्यता शुल्क, स्वैच्छिक आर्थिक सहयोग, दलको प्रकाशन वा कुनै कार्यक्रमबाट प्राप्त रकम) प्राप्त गर्ने, (राजनीतिक दल सम्बन्धी ऐन, २०७३)

(ख) निषेध गरिएका कतिपय स्रोतबाट आर्थिक सहयोग लिन नहुने

(ग) स्रोत र खर्चको लेखा तथा लेखापरीक्षणको व्यवस्था गर्नुपर्ने

२. निर्वाचन आयोगबाट निर्वाचन खर्च सीमा निर्धारण गर्ने

३. राजनीतिक दल वा उम्मेदवारले खर्चको सीमाभन्दा बढी खर्च गर्न नहुने

४. राजनीतिक दलको आर्थिक स्रोत तथा निर्वाचन खर्चको नियमनका लागि कानूनी व्यवस्था भएको



Scanned with CamScanner

(४)

७. राजनीतिक दलको निर्वाचन खर्च तथा त्यसको नियमन

१. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम राजनीतिक दलले आय तथा व्ययको लेखा राख्नुपर्ने,
२. लेखा परीक्षण गराउनु पर्ने र लेखा परीक्षण प्रतिवेदन आयोगमा बुझाउन पर्ने,
३. ऐन बमोजिम लिन नहुने रकम लिएको प्रमाण सहित उजुरी परेमा आयोगले जाँचबुझ गर्नुपर्ने,
४. जाँचबुझ गर्दा उजुरी सही ठहरेमा सो रकम संचित कोषमा दाखिला गर्नुपर्ने,
५ सम्बन्धित दललाई दश हजार रुपैयाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था,
६. लेखा सम्बन्धी हिसाव किताब आयोगले मागेको बखत पेश गर्नुपर्ने ।
७. दलको हिसाव किताव आयोगले वा आयोगले तोकेको विशेषज्ञबाट जुनसुकै बखत निरीक्षण गर्न सक्ने,
८. राजनीतिक दल वा उम्मेदवारले निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने,
९. खर्चको विवरण पेश नगर्ने वा बढी खर्च गर्ने दल वा उम्मेदवारलाई जरिवाना हुने,
१०. पेश गरेको विवरण परीक्षण हुने र अस्वाभाविक वा निर्वाचनको स्वच्छता प्रतिकूल भएमा भएको खर्च वा पाँचलाख सम्म जरिवाना हुने,
११. जरिवानाको रकम छ महिनासम्म नबुझाएमा छ वर्षसम्म उम्मेदवार हुन अयोग्य हुने,
१२. निर्वाचित उम्मेदवारको निर्वाचन स्वतः रद्द हुने ।

८. स्थानीय निर्वाचनमा निर्वाचन खर्च निर्धारण

- निर्वाचन आयोगले प्रत्येक निर्वाचनमा उम्मेदवार वा राजनीतिक दलले गर्न पाउने खर्चको सीमा निर्धारण गर्ने
- २०७९ साल वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि निर्धारण भएको सीमा

Scanned with CamScanner

| पद | स्थानीय तह | खर्चको सीमा |
|---|---|---|
| मेयर तथा उपमेयर | महानगरपालिका | ७ लाख ५० हजार |
| मेयर तथा उपमेयर | उपमहानगरपालिका | ५ लाख ५० हजार |
| मेयर तथा उपमेयर | नगरपालिका | ४ लाख ५० हजार |
| अध्यक्ष तथा उपाध्यक्ष | गाउँपालिका | ३ लाख ५० हजार |
| वडाअध्यक्ष तथा सदस्य | महानगरपालिका | ३ लाख |
| वडाअध्यक्ष तथा सदस्य | उपमहानगरपालिका | २ लाख ५० हजार |
| वडाअध्यक्ष तथा सदस्य | नगरपालिका | २ लाख |
| वडाअध्यक्ष तथा सदस्य | गाउँपालिका | १ लाख पचार हजार |
| प्रमुख तथा उपप्रमुख | जिल्ला समन्वय समिति | ५० हजार |
| सदस्य | जिल्ला समन्वय समिति | २५ हजार |
| कार्यकारी सदस्य | पालिका | २५ हजार |

## ९. निर्वाचन खर्च गर्दा पालना गर्नुपर्ने आचरण

१. उम्मेद्वारले निर्वाचन सम्बन्धी सम्पूर्ण खर्च गर्दा बैंक खाताबाट संचालन गर्नपर्ने,

२. निर्वाचन खर्चकालागि खोलिएको खाताबाट निज आफै वा निजको आधिकारिक व्यक्तिद्वारा खर्च गनुपर्ने,

३. दल वा उम्मेदवारले आयोगले तोकेभन्दा बढी खर्च गर्न नहुने,

४. निर्वाचन प्रयोजनकालागि खोलिएको खाताको संचालन तथा कारोवार पारदर्शी हुनुपर्ने,

५. २५ हजारभन्दा बढी आर्थिक सहयोग लिदा वैङ्क वा वित्तिय सस्था मार्फत लिनुपर्ने,

६. नगद लिएमा चन्दादातालाई रसिद वा भरपाई दिनुपर्ने,

७. अनिवार्य रुपमा बिल भरपाई राख्नुपर्ने,

८. खर्चको विवरण तोकेको समयभित्र तोकेको ढाँचामा आयोगमा बुझाउनुपर्ने,

९. विवरण सन्तोषजनक नदेखिएमा बिल भरपाई तथा खाताको विवरण पेश गर्नुपर्ने ।



Scanned with CamScanner

## १०. निर्वाचनमा सवारी साधनको प्रयोग सम्बन्धी आचरण

१. स्थानीय तहको कुनै पदको निर्वाचनको प्रचार-प्रसारको लागि उम्मेदवार वा राजनीतिक दलले आयोगले तोकेको संख्या र प्रकारका सवारी साधन मात्र प्रयोग गर्नुपर्नेछ ।

२. सरकार वा सार्वजनिक संस्थाको साधन श्रोत र सम्पत्ति वा सवारी साधन आफ्नो पक्ष अथवा अर्काको विपक्षमा हुने गरी प्रयोग गर्न गराउन नहुने

३. एक उम्मेदवारले प्राप्त गरेको अनुमतिपत्रको आधारमा अर्को उम्मेदवारले सवारी साधन प्रयोग गर्न नहुने

४. निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार बढीमा दुई दुईपाँग्रे, तीनपाँग्रे वा चारपाँग्रे हलुका सवारी साधन प्रयोग गर्नसक्ने

५. सवारी साधन नचल्ने ठाउँमा बढीमा चार घोडा प्रयोग गर्नसक्ने ।

६. अनुमति प्राप्त सवारी साधन अन्यत्र प्रयोग गर्न नहुने

७. अनुमति प्राप्त गरेको सवारी साधनमा मतदाता ओसार-पसार गर्न नहुने,

८. स्थानीय तहरराष्ट्रिय सभा वा कुनै पनि उपनिर्वाचनमा हेलिकप्टर प्रयोग गर्दा उम्मेदवारको निर्वाचन खर्चको सीमा भित्र रहनुपर्ने

९. विदेशी नम्बर प्लेट रहेको सवारी साधन प्रयोग गर्न अनुमति नहुने

## ११. निर्वाचन प्रचार-प्रसार सम्बन्धी आचरण

आयोगबाट संहिता प्रारम्भ भएपछि निर्वाचन प्रचार-प्रसार पालना गर्नुपर्ने केही आचरण निर्धारण भएका छन:

१. सरकारी कार्यालय, शिक्षण संस्थामा भेला हुन र प्रचार-प्रसार गर्न नहुने,

२. घर जग्गा धनीको स्वीकृति विना निजी घर जग्गामा निर्वाचन प्रचार-प्रसार गर्न नहुने

३. फेक (झुठा) साइट र एकाउण्ट खोली सामाजिक सन्जालमा प्रचारप्रसार गर्न नहुने

४. कसैको चरित्र हत्या, अपमान, द्वेष घृणा हुने गरी प्रचार प्रसार गर्न नहुने,

५. अठार वर्ष उमेर पूरा नभएको नावालिगलाई निर्वाचन प्रचार-प्रसारमा प्रयोग गर्न नहुने,

६. कानून बमोजिम निशेध गरिएको स्थान वा सार्वजनिक आवागमनमा अवरोध हुने गरी जुलुश, आमसभा, कोणसभामा र्‍याली गर्न नहुने

७ भित्ते लेखन, सवारी साधन आदिमा प्रचार-प्रसार गर्न नहुने,



Scanned with CamScanner

८. मतदानकेन्द्रमा दल वा उम्मेदवारको नाम चिन्ह संकेत भएको पहिरन प्रयोग गर्न नहुने

९. सञ्चार माध्यमबाट निर्वाचन प्रसार-प्रसार गर्दा एक घण्टाको अन्तरालमा, २४ घण्टामा बढीमा ४ पटक, स्थानीय तहको निर्वाचनमा २ पटक र एक पटकमा बढीमा एक मिनेटसम्म गर्न सक्ने,

१०. निर्वाचन प्रचार-प्रसार गर्दा बढीमा ७ इन्ची ह ७ इन्ची सम्मको आकारमा कुनै पत्रिकामा प्रचार सामाग्री प्रकाशन गर्न सकिने

११. सार्वजनिक आवागमनमा अवरोध हुने गरी जुलुश, ऱ्याली वा आमसभा गर्न नहुने,

१२. सार्वजनिक सम्पदा, धार्मिक स्मारक, सरकारी कार्यालयमा प्रचार-प्रसार गर्न नहुने ।

१३. उम्मेदवार वा दलको नाम वा चिन्ह, अंकित ज्याकेट, कमिज, टिसर्ट, टोपी, गम्छा वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, टयाट्टु जस्ता सांकेतिक सामग्री उत्पादन गर्न प्रयोग गर्न बिक्री गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने

१४. मौन अवधि प्रारम्भ हुन अघि मतदान स्थल भन्दा ३ सय मिटर वरिपरिका प्रचार सामग्री हटाउनुपर्ने,

१५. सामाजिक सञ्जाल, अनलाइन वा छापाबाट उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार सामग्री पोष्ट वा शेयर गर्न नहुने

## १३. निर्वाचन आचार संहिताको अनुगमन

१. निर्वाचन आचार संहिता प्रकाशनका लागि मात्र नभएर प्रभावकारी कार्यान्वयनको लागि व्यवस्था भएको

२. अनुगमनबाट आचार संहिताको कार्यान्वयन सुनिश्चित हुने

३. अनुगमनकालागि निर्वाचन आयोगले आवश्यक अनुगमन संयन्त्र निर्माण गरेको

४. आयोगले केन्द्रीय स्तरमा, जिल्लास्तरमा र निर्वाचन क्षेत्र र स्थानीयस्तरमा निर्वाचन अनुगमन समिति गठन गरेको

५. यस्तो अनुगमन संयन्त्रको काम, कर्तव्य र अधिकार निर्वाचन आयोगले निर्धारण गरेको,

६. अनुगमन संयन्त्रको प्रतिवेदनको आधारमा आयोगले आवश्यक कारबाही गर्ने ।

७. प्रतिवेदनको आधारमा भविष्यमा निर्वाचन कानून, प्रक्रिया र संहितामा सुधार हुने ।

धन्यवाद



Scanned with CamScanner

# निर्वाचन आचारसंहिता कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

अनुगमन के हो ?

- कसैको प्रतिपक्ष लाग्ने वा कुनै पद्धतिको अनुशरण गर्ने वा कसैका नजिकमा जाने काम हो।
- कुनै पनि योजना, कार्यक्रम वा क्रियाकलापको पूर्व निर्धारित कार्ययोजना, विधि र प्रक्रिया अनुसार काम भइरहेको छ वा छैन भनी नियमित रूपमा जानकारी लिने, विश्लेषण गर्ने र सम्बन्धित निकायमा प्रतिवेदन गर्ने समग्र सम्पूर्ण प्रक्रिया हो।
- आयोगले गठन गरेको वा तोकएको अनुगमन समिति वा टोली वा पृथकटोली वा अनुगमनकर्ताद्वारा निर्वाचन आचारसंहिताको पालना भए नभएको सम्बन्धमा जाँचबुझ गर्ने कार्य हो।
- निर्वाचनको अवधिमा आयोगले आयोगका पदाधिकारी वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा विशेषज्ञ खटाई वा त्यस्ता पदाधिकारी, कर्मचारी वा विशेषज्ञ सहितको समिति वा एकाई वा टोली गठन गरी वा संयन्त्र निर्माण गरी निर्वाचन प्रचार-प्रसार, निर्वाचनसँग सम्बन्धित मतदान, मतगणना, निर्वाचन पर्यवेक्षण लगायत अन्य काम कारवाही तथा निर्वाचन आचारसंहिताको कार्यान्वयनका सम्बन्धमा गरिने निरीक्षण तथा जाँचबुझ गर्ने कार्य हो।

**निर्वाचन आचारसंहिता कार्यान्वयन अनुगमन किन?**

- स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्न,
- निर्वाचनको व्यवस्थापन संचालन, रेखदेख, निर्देशन र नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन,
- निर्वाचन आचारसंहिताको पूर्ण रूपमा कार्यान्वयन गर्न,
- निर्वाचन विश्वसनीय र मितव्ययी बनाउन,
- राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित सरोकारवालासँगको समन्वय र सहजीकरणलाई व्यवस्थित गर्न,
- निर्वाचनमा सबैलाई समान अवसर प्रदान गर्न,

**निर्वाचन आचारसहिता अनुगमन सम्वन्धी संयन्त्र**

- निर्वाचन आयोग ऐन २०७३ को दफा २३ मा आचारसंहिता पालना भए नभएको सम्बन्धमा आयोगले संयन्त्र निर्माण गरी जाँचबुझ तथा अनुगमन गर्ने व्यवस्था रहेको।
- आचार संहिता अनुगमनका लागि देहाय बमोजिमका समिति रहने व्यवस्था गरिएको।
- केन्द्रीय निर्वाचन आचार संहिता अनुगमन समिति,
- जिल्ला आचारसंहिता अनुगमन समिति,
- निर्वाचन क्षेत्र आचारसहिता अनुगमन समिति,
- स्थानीय तह आचारसंहिता अनुगमन समिति,
- निर्वाचन आचारसहिता कार्यान्वयन अनुगमन टोली,
- सुक्ष्म अनुगमन टोली,
- आचारसंहिता अनुगमन अधिकृत,



Scanned with CamScanner

५

७

केन्द्रीय निर्वाचन आचारसंहिता अनुगमन समिति

- निर्वाचन आयुक्त (आयोगले तोकेको) -संयोजक
- सचिव, निर्वाचन आयोग - सदस्य
- सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य
- सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य
- सचिव, गृह मन्त्रालय -सदस्य
- सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य
- अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण - सदस्य
- सहसचिव, कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा - सदस्य-सचिव

समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित विषयविज्ञ वा नेपाल पत्रकार महासंघका सभापति वा कर्मचारीलाई आमन्त्रण गर्न सक्ने।

केन्द्रीय निर्वाचन आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार

- अनुगमनकर्ता तथा अनुगमन टोलीबाट प्राप्त अनुगमन सम्बन्धी सूचना तथा प्रतिवेदन विश्लेषण गरी तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,
- आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, स्पष्टीकरण माग गर्ने, आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्न आदेश दिने तथा आचारसंहिता उल्लङ्घनकर्तालाई आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्ने,
- आचारसंहिता उल्लङ्घन गर्ने दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आवश्यक कारबाहीका लागि आयोग समक्ष सिफारिस गर्ने,
- दल वा उम्मेदवारले आयोगले तोकेको हदभन्दा बढी खर्च गरेको पाइएमा त्यस्तो दल वा उम्मेदवारलाई आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्ने,
- निर्वाचनको काममा खटाइएका कर्मचारी वा सुरक्षाकर्मीले निर्वाचन सम्बन्धी कामको सिलसिलामा आचारसंहिताको उल्लङ्घन हुने गरी बदनियतपूर्वक कुनै काम गरेको पाइएमा आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्ने,
- आचारसंहिता कार्यान्वयन तथा अनुगमनको लागि आवश्यक जनशक्ति र उपकरण परिचालन गर्न आयोग समक्ष सिफारिस गर्ने,
- आचारसंहिता अनुगमन सम्बन्धी अन्य समिति वा टोलीलाई आवश्यक निर्देशन दिने ।

जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समिति

- मुख्य निर्वाचन अधिकृत - संयोजक
- प्रमुख जिल्ला अधिकारी - सदस्य
- निर्वाचन अधिकृतहरू - सदस्य
- जिल्ला प्रहरी कार्यालय प्रमुख - सदस्य
- निर्वाचन कार्यालय प्रमुख -सदस्य-सचिव



Scanned with CamScanner

समितिको बैठकमा निर्वाचनमा भाग लिएका जिल्ला स्थित राजनीतिक दलका प्रमुख वा प्रतिनिधि वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिने छ । आवश्यकतानुसार जिल्ला स्थित कार्यालयका प्रमुख, अन्य सुरक्षा निकायका प्रमुख, उद्योग वाणिज्य संघका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र जिल्ला स्थित पत्रकार महासंघका अध्यक्ष वा प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने ।

**जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार**

- अनुगमनकर्ता वा अनुगमन टोली वा अन्य माध्यमबाट आचारसंहिता कार्यान्वयन सम्बन्धी सूचना वा प्रतिवेदन नियमित रूपमा लिने,
- प्राप्त सूचना वा प्रतिवेदनबाट कसैले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा आचारसंहिता पालनाको लागि राजनीतिक दल, उम्मेदवार, निकाय, पदाधिकारी, आमसञ्चारका माध्यम, गैसरकारी संस्था, पर्यवेक्षक तथा व्यक्तिलाई आवश्यक निर्देशन दिने,
- आचारसंहिता उल्लघनकर्ताको नाम सार्वजनिक गर्न केन्द्रीय अनुगमन समिति समक्ष सिफारिस गर्ने,
- आचारसंहिता पालना सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गर्ने
- आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, जसको विरुद्ध उजुरी परेको हो सो व्यक्तिसँग स्पष्टीकरण माग गर्ने, आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्ने आदेश दिने तथा आचारसंहिता उल्लङ्घनकर्तालाई आवश्यक कारवाहीको लागि केन्द्रीय अनुगमन समिति समक्ष सिफारिस गर्ने,
- आचारसंहिता उल्लंघनको उजुरीको विषयमा आवश्यक छानबिन गरी समाधान गर्न सक्ने विषयमा आफैले समाधान गर्ने र समाधान गर्न नसक्ने विषयमा केन्द्रीय आचारसंहिता अनुगमन समिति समक्ष सिफारिस गर्ने,
- राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा कुनै व्यक्तिले आचारसंहिता विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा तत्काल कब्जामा लिई नजिकको प्रहरी कार्यालयमा जिम्मा दिने,
- राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा कुनै व्यक्तिले आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जस्ता प्रचारात्मक सामग्री प्रयोग गरेको पाइएमा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने,

**निर्वाचन क्षेत्र निर्वाचन आचारसंहिता अनुगमन समिति**

- निर्वाचन अधिकृत -संयोजक
- सम्बन्धित निर्वाचन क्षेत्रमा खटिएको नेपाल प्रहरीको प्रमुख -सदस्य
- सहायक निर्वाचन अधिकृत -सदस्य-सचिव

समितिको बैठकमा सम्बन्धित निर्वाचनमा भाग लिएका जिल्ला स्थित राजनीतिक दलका प्रमुख वा प्रतिनिधि वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिने छ । आवश्यकता अनुसार निर्वाचन क्षेत्रस्थित अन्य सुरक्षा निकायका प्रमुख, उद्योग वाणिज्य संघका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र निर्वाचन क्षेत्रस्थित पत्रकार महासंघका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने ।

**निर्वाचन क्षेत्र आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार**

- अनुगमनकर्ता वा अनुगमन टोली वा अन्य माध्यमबाट आचारसंहिता कार्यान्वयन सम्बन्धी सूचना वा प्रतिवेदन नियमित रूपमा लिने,



Scanned with CamScanner

८

- प्राप्त सूचना वा प्रतिवेदनबाट कसैले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा आचारसंहिता पालनाको लागि राजनीतिक दल, उम्मेदवार, निकाय, पदाधिकारी, आमसञ्चारका माध्यम, गैरसरकारी संस्था, पर्यवेक्षक तथा व्यक्तिलाई आचारसंहिता पालनाको लागि आवश्यक निर्देशन दिने,
- आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, जसको विरुद्ध उजुरी परेको हो सो व्यक्तिसँग स्पष्टीकरण माग गर्ने, आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्न आदेश दिने,
- आचारसंहिता उल्लङ्घनको उजुरीको विषयमा आवश्यक छानबिन गरी समाधान गर्न सक्ने विषयमा आफैंले समाधान गर्ने र समाधान गर्न नसक्ने विषयमा जिल्ला अनुगमन समिति समक्ष सिफारिस गर्ने,
- आचारसंहिता उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्न जिल्ला अनुगमन समिति समक्ष सिफारिस गर्ने,
- आचारसंहिता पालना गराउने सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गर्ने,
- राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले आचारसंहिता विपरीत प्रयोग गरेको सवारी साधन तत्काल कब्जामा लिई नजिकको प्रहरी कार्यालयमा जिम्मा दिने,
- राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा कुनै व्यक्तिले आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जस्ता प्रचारात्मक सामग्री प्रयोग गरेको पाइएमा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने,
- आवश्यकतानुसार उम्मेदवारको निर्वाचन सम्बन्धी खर्च र खाताको विवरण सङ्कलन गर्ने,
- जिल्ला अनुगमन समितिमा नियमित रुपमा अनुगमन प्रतिवेदन पठाउने,
- राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा कुनै व्यक्तिले मोटरसाइकल र्‍याली जस्ता प्रचारात्मक कार्य गरेको पाईएमा तत्काल नियन्त्रणमा लिइ प्रहरी जिम्मामा दिने,

स्थानीय तह निर्वाचन आचारसंहिता अनुगमन समिति:

- निर्वाचन अधिकृत - संयोजक
- सम्बन्धित गाउँपालिका वा नगरपालिकाको प्रमुख कार्यकारी अधिकृत - सदस्य
- सम्बन्धित स्थानीय तहमा खटिएको नेपाल प्रहरीको प्रमुख - सदस्य
- सहायक निर्वाचन अधिकृत - सदस्य-सचिव

समितिको बैठकमा सम्बन्धित निर्वाचनमा भाग लिएका जिल्ला स्थित राजनीतिक दलका प्रमुख वा प्रतिनिधि वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिने छ । आवश्यकता अनुसार स्थानीय तहमा रहेका कार्यालयका प्रमुख अन्य सुरक्षा निकायका प्रमुख, उद्योग वाणिज्य संघका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र स्थानीय पत्रकारलाई आमन्त्रण गर्न सकिने

स्थानीय तह आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार

- अनुगमनकर्ता वा अनुगमन टोली वा अन्य माध्यमबाट आचारसंहिता कार्यान्वयन सम्बन्धी सूचना वा प्रतिवेदन नियमित रुपमा लिने,
- प्राप्त सूचना वा प्रतिवेदनबाट कसैले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा आचारसंहिता पालनाको लागि राजनीतिक दल, उम्मेदवार, निकाय, पदाधिकारी, आमसञ्चारका माध्यम, गैरसरकारी संस्था, पर्यवेक्षक तथा व्यक्तिलाई आचारसंहिता पालनाको लागि आवश्यक निर्देशन दिने,

Scanned with CamScanner

- आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, जसको विरुद्ध उजुरी परेको हो सो व्यक्तिसँग स्पष्टीकरण माग गर्ने, आचार संहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्ने आदेश दिने,
- आचारसंहिता उल्लङ्घनको उजुरीको विषयमा आवश्यक छानबिन गरी समाधान गर्न सक्ने विषयमा आफैंले समाधान गर्ने र समाधान गर्न नसक्ने विषयमा जिल्ला अनुगमन समिति समक्ष सिफारिस गर्ने,
- आचारसंहिता उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्न जिल्ला अनुगमन समिति समक्ष सिफारिस गर्ने,
- आचारसंहिता पालना सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गर्ने,
- राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले आचारसंहिता विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा तत्काल कब्जामा लिई नजिकको प्रहरी कार्यालयमा जिम्मा दिने,
- राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा कुनै व्यक्तिले आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जस्ता प्रचारात्मक सामग्री प्रयोग गरेको पाइएमा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने,
- आवश्यकतानुसार उम्मेदवारको निर्वाचन सम्बन्धी खर्च र खाताको विवरण सङ्कलन गर्ने,
- आयोग, केन्द्रीय अनुगमन समिति र जिल्ला अनुगमन समितिको सम्पर्क र समन्वयमा रही निर्देशन दिएका अन्य काम गर्ने ।

निर्वाचन आचारसंहिता कार्यान्वयन अनुगमन टोली

- आयोगले आवश्यकता अनुसार नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिका कर्मचारीको संयोजकत्वमा एक वा एक भन्दा बढी सदस्य रहेको अनुगमनकर्ता वा अनुगमन टोली गठन गरी परिचालन गर्ने,
- अनुगमन टोली आयोग तथा केन्द्रीय आचारसंहिता अनुगमन समितिप्रति उत्तरदायी रहने,

सूक्ष्म अनुगमन सम्बन्धी व्यवस्था

- आयोगले एक वा एक भन्दा बढी सदस्य रहेको अनुगमनकर्ता वा अनुगमन इकाइ गठन गरी परिचालन गर्न सक्ने ।

निर्वाचन आचारसंहिता अनुगमन अधिकृतः

- प्रत्येक निर्वाचन अधिकृतको कार्यालयमा रहने सहायक निर्वाचन अधिकृतलाई निर्वाचन अधिकृतले आचारसंहिता अनुगमन अधिकृतको रुपमा नियुक्त गर्ने।

आचारसंहिता अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकारः

- आफू खटिएको जिल्ला, निर्वाचन क्षेत्र तथा स्थानीय तहभित्र आचार संहिता कार्यान्वयनको विषयमा नियमित रुपमा अनुगमन गर्ने,
- अनुगमन गर्दा आचार संहिता उल्लङ्घन सम्बन्धी कार्य गरे गराएको पाइएमा त्यस्तो कार्य तत्काल रोक्ने वा रोक्न लगाउने,
- अनुगमन सम्बन्धमा सम्बन्धित निर्वाचन अधिकृत तथा आफू सदस्य सचिव रहेको निर्वाचन अनुगमन समितिमा नियमित रुपमा विवरण पेश गर्ने,

दृश्य छायाङ्कन गर्न सक्ने:

- समितिले आचारसंहिता उल्लङ्घनका घटनासँग सम्बन्धित दृष्यको छायाङ्कन गर्न आवश्यकतानुसार भिडियो क्यामेरा सहितको छायाकार परिचालन गरी वा अन्य विद्युतीय उपकरण प्रयोग गरी दृष्य छायाङ्कन गर्न सक्ने।



Scanned with CamScanner

## प्रतिवेदन सम्बन्धी व्यवस्था

- अनुगमनकर्ताले निर्वाचन अधिकृत वा सम्बन्धित समिति समक्ष पेश गर्नु पर्ने,
- निर्वाचन क्षेत्र अनुगमन समिति, स्थानीय तह निर्वाचन अनुगमन समिति वा अनुगमन अधिकृतले मुख्य निर्वाचन अधिकृत वा जिल्ला निर्वाचन अनुगमन समिति समक्ष पेश गर्नु पर्ने,
- जिल्ला निर्वाचन अनुगमन समितिले प्रत्येक निर्वाचन क्षेत्र र स्थानीय तह छुट्टिने गरी जिल्लाको एकीकृत प्रतिवेदन आयोग वा आचार संहिता अनुगमन केन्द्रीय समिति समक्ष पठाउनु पर्ने,
- अनुगमन अधिकृतले सम्बन्धित तहको निर्वाचन अनुगमन समिति समक्ष पठाउनु पर्ने,

## प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु :

- आचार संहिताको कार्यान्वयन गर्ने गराउने सम्बन्धमा भए गरेका काम कारवाही,
- आचार संहिता उल्लङ्घन गर्नेलाई भएको कारवाहीको विवरण,
- सार्वजनिक गर्नुपर्ने आचार संहिता उल्लङ्घनकर्ताको नाम र सोको विवरण,
- अनुगमनको क्रममा दिएका निर्देशनको विवरण,
- आयोगले तोकेका अन्य विवरणहरु ।

## उजुरी सम्बन्धी व्यवस्था

निर्वाचन आचारसंहिता उल्लंघन भएमा कुनै पनि व्यक्तिले उजुरी दिन सक्ने:

### उजुरी कसरी दिने ?

- मौखिक रुपमा
- लिखित रुपमा
- सामाजिक सञ्जाल
- विद्युतीय माध्यम वा
- अन्य कुनै तरिकाले

### उजुरी कहाँ दिने ?

- निर्वाचन आयोग,
- मुख्य निर्वाचन अधिकृतको कार्यालय,
- निर्वाचन अधिकृतको कार्यालय,



Scanned with CamScanner

- प्रदेश वा जिल्ला निर्वाचन कार्यालय,
- अनुगमनको लागि तोकिएका समिति वा टोली ।
- उजुरी दिँदा आधार, कारण र सो सम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गर्नु पर्ने,
- उजुरीकर्ताले आफ्नो नाम नामेशी सहितको विवरण प्रकाश गर्न नचाहेमा सार्वजनिक नगरिने,
- उजुरीकर्ताले अनुगमन अधिकृत समक्ष उजुरी दिन सक्ने ।
- उजुरी दिँदा आधार, कारण र सो सम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गर्नु पर्ने,
- उजुरीकर्ताले आफ्नो नाम नामेशी सहितको विवरण प्रकाश गर्न नचाहेमा सार्वजनिक नगरिने,

**अनुगमनकर्ताले सजाय गर्न सक्नेः (निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३)**

- कसैले निर्वाचनमा प्रयोग गरिने मतपत्र, मतपेटिका वा अन्य सामग्री मतदान केन्द्रबाट बाहिर लैजाने प्रयास गरेमा,
- कसैले निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कागजातमा कुनै व्यहोरा थप्न, केरमेट गर्ने सच्याउने, हटाउने वा नष्ट गर्ने वा नोक्सान पुऱ्याएमा,
- कसैले मतदातालाई मतदान स्थलमा प्रवेश गर्न अवरोध पुऱ्याएमा,
- अनधिकृत व्यक्ति मतगणना स्थलमा प्रवेश गरे वा गराएमा,
- आचारसंहिता विपरीत निर्वाचनको प्रचार-प्रसार गरेमा वा साउण्ड सिष्टमको प्रयोग गरेमा,
- आचारसंहिता विपरीत सवारी साधनको प्रयोग गरेमा,
- निर्वाचनलाई असर पुऱ्याउने अन्य कार्य गरेमा,
- अनुगमनकर्ताले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने ।

**निर्वाचन आचारसंहिता उल्लंघन भएमा कारवाही**

- आयोगले निर्वाचन आचारसंहिता उल्लंघन भएको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नका लागि सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिन सक्ने,
- आयोगले दिएको आदेश बमोजिम काम कारबाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने,
- कुनै उम्मेदवारले आचारसंहिताको उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यसको स्पष्ट आधार र कारण खोली आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने



Scanned with CamScanner

निष्कर्ष:

- निर्वाचन आचारसंहिताको पालना गर्नु सबैको कर्तव्य हो।
- यसको पालनाले निर्वाचन स्वच्छ, स्वतन्त्र र निष्पक्ष हुन सहयोग पुऱ्याउँछ ।
- निर्वाचनमा नागरिकको विश्वास बढ्छ ।
- मतदाताको मतदान गर्ने अधिकार सुनिश्चित हुन्छ ।
- निर्वाचन स्वच्छ, स्वतन्त्र, मितव्ययी र प्रभावकारी तवले सम्पादन हुन्छ ।

धन्यवाद !



Scanned with CamScanner